# कृषि श्रोत केन्द्र स्थापना तथा सञ्चालन विधि, २०७७

**प्रस्तावना:** आम कृषक समुदायलाई गुणस्तरीय बीउ, बेर्ना तथा कृषि उत्पादनका श्रोतहरू छिटो, छरितो र सुलभ रुपमा उपलब्ध गराउन तथा यस प्रदेशमा भौगोलिक अनुकूलता, तुलनात्मक लाभ र कृषकको बीउ, बेर्ना तथा अन्य श्रोतहरूको मागलाई सम्बोधन गर्न वाञ्छनीय भएकाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७७।०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि श्रोत केन्द्र स्थापना तथा संचालन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि श्रोत केन्द्र स्थापना तथा सञ्चालन विधि २०७७" स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "कृषि श्रोत केन्द्र स्थापना तथा सञ्चालन विधि २०७७" रहेको छ।

(२) यो सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा:

(क) "अनुदानग्राही" भन्नाले श्रोत केन्द्र स्थापना तथा सञ्चालनका लागी सहकार्य गर्न इच्छुक स्थानीय तह वा नीजि उद्यमी वा विषयगत सहकारी संस्थालाई सम्झनु पर्दछ।

(ख) "कृषि श्रोत केन्द्र" भन्नाले बाली विशेष (फलफूल, पुष्प, तरकारी, मसलाबाली, रेशम, आदि) को गुणस्तरीय उत्पादन सामाग्रीहरु, प्राविधिक सेवा तथा सूचना उपलब्ध हुन सक्ने स्थललाई सम्झनु पर्दछ। मौरीको हकमा उन्नत मौरीपालन व्यवसायको लागि आवश्यक रानी मौरी, आधार चाका, मौरी घार लगायत मौरीपालनमा प्रयोग हुने अन्य औजार/उपकरणहरु तथा मौरीको चरनको लागि आवश्यक बीउ, बेर्ना र आवश्यक प्रविधि तथा तालिम उपलब्ध हुन सक्ने स्थललाई सम्झनु पर्दछ।

(ग) "एकिकृत कृषि विकास फार्म" भन्नाले एक भन्दा बढि बालीहरुको एकिकृत रुपमा गुणस्तरीय उत्पादन सामाग्रीहरु, प्राविधिक सेवा तथा सूचना उपलब्ध हुन सक्ने स्थललाई एकिकृत कृषि विकास फार्म सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय वा मातहतका निकाय सम्झनु पर्दछ ।

(ङ) “समिति” भन्नाले दफा ७ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(च) “निजी कृषि कम्पनी/कृषि फार्म” भन्नाले निजी क्षेत्रबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको कृषि बाली उत्पादन तथा बजारीकरण सम्बन्धी उद्देश्य भएका निजी कम्पनीलाई सम्झनु पर्दछ। सो शब्दले घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको कृषि बाली उत्पादन तथा बजारीकरण सम्बन्धी उद्देश्य भएका उद्योग समेतलाई जनाउँछ।

(छ) “निर्देशनालय” भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

(झ) “स्थानीय तह” भन्नाले लुम्बिनी प्रदेशको सबै स्थानीय तहलाई सम्झनु पर्दछ।

(ञ) “ज्ञान केन्द्र” भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्दछ।

३.<u>उद्देश्यः</u> यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) आम कृषक समुदाय, सहकारी, निजी नर्सरी समेतलाई गुणस्तरीय बीउ, बेर्ना लगायत उत्पादन सामाग्रीको मागलाई छिटो, छरितो, सरल, सुलभ रुपमा उपलब्ध गराउने।

(ख) कृषि श्रोतको माग आपूर्तिको वासलात अद्यावधिक गर्ने।

(ग) कृषि श्रोत केन्द्रलाई स्थलगत तालिम तथा प्रविधि प्रदर्शन स्थलको रुपमा विकास गर्ने।

(घ) यस क्षेत्रमा पाइने कृषि बाली वस्तुका माउको जातीय संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्ने।

४.<u>कार्यक्रम सञ्चालन गर्ने निकायः</u> (१) दाङ्गमा मौरी, नवलपरासीमा पुष्प, कपिलबस्तुमा फलफुल, प्युठानमा तरकारी बीउ तथा रोल्पामा एकिकृत फर्मको हकमा श्रोत केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धित कार्यालय आफैले गर्नेछ।

(२) कार्यालय मार्फत सञ्चालन हुने श्रोत केन्द्र बाहेक अन्यको हकमा स्थानीय तह स्वयम् वा स्थानीय तहबाट सिफारीस भएका इच्छुक निजि उद्यमी वा कृषि सहकारी संस्थाले स्थापना तथा सञ्चालन गर्ने गरी अनुदान सहयोग उपलब्ध गराइनेछ।

५.<u>कार्यालय मार्फत सञ्चालन हुने श्रोत केन्द्र सञ्चालन प्रक्रियाः</u> (१) सम्बन्धित कार्यालयले सञ्चालन गर्नु पूर्व स्थलगत निरिक्षणबाट भौगोलिक एवं प्राविधिक उपयुक्तता अध्ययन गर्नेछ।

(२) अध्ययन पश्चात DPR (detailed project report) तयार गरी/गराई स्थानीय तह र अन्य सरोकारवालाहरुसँग समन्वयमा कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराई स्थानीय तहले भोगाधिकार दिएको जग्गामा आफै सञ्चालन गर्नेछ।

(३) पहिलै नै जग्गा उपलब्ध भइसकेका स्थानमा बाहेक अन्यको हकमा श्रोत केन्द्र स्थापनका लागि जग्गा उपलब्ध गराउनका लागि स्थानीय तहहरुलाई सम्बन्धित कार्यालयले पत्राचार गर्नेछ।

(४) जग्गा प्राप्ति पछि यी श्रोत केन्द्रहरुलाई दरबन्दी स्वीकृत भएपश्चात स्थायी सरकारी फार्मको रुपमा विकसित गरिनेछ भने दरबन्दी स्वीकृत नभएसम्मका लागि विषयगत अधिकृतको संयोजकत्वमा सम्बन्धित कार्यालयले नै व्यवस्थापन गर्नेछ।

६.<u>अनुदान सहयोग मार्फत सञ्चालन हुने कृषि श्रोत केन्द्र सञ्चालन प्रक्रियाः</u>

(१) क्षेत्र निर्धारण तथा सूचना प्रवाह देहाय बमोजिम हुनेछ।

(क) कार्यालयले कार्यक्रम सञ्चालन गर्नु पूर्व समितिबाट बालीगत खेतीको अवस्था, व्यवसायिकरण एवं बजारिकरणको सम्भावनाका आधारमा एक वा एक भन्दा बढी स्थानीय तह समेट्ने गरी सम्भावित क्षेत्र निर्धारण गर्नेछ।

(ख) छनौट भएका स्थानीय तहमा मात्र लागू हुने गरी सम्बन्धित स्थानीय तह वा कृषि सहकारी वा निजी फर्म/कम्पनीहरुलाई लक्षित गरी प्रस्ताव मागको सूचना प्रकाशन गर्नेछ।

(ग) सूचनामा माग भए बमोजिम आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।

(२) स्थानीय तहले आफै स्थापना गर्ने अवस्थामा लागत साझेदारीसहित प्रस्तावना (वार्षिक वा बहुवर्षिय) सिधै पेश गर्न सक्नेछ।

(३) कृषि सहकारी वा निजी कृषि कम्पनी/फार्मको हकमा देहाय बमोजिमको योग्यता पुगेकाले प्रस्ताव पेश गर्न सक्नेछन्ः

(क) नियमानुसारको निकायमा दर्ता भई स्थायी लेखा नम्बर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) आफ्नै स्वामित्वमा अनुसूची-१ मा तोकिए बमोजिमको जग्गा भएको वा कम्तिमा १५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

(ग) जग्गाको जग्गा धनी प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनी प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(घ) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकबाट तयार भएको हुनुपर्नेछ।

(ङ) प्रस्तावकले प्रस्तावित बालीको श्रोत विकासमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

(च) प्रस्तावकले आफ्नो लागत सहभागिताको अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनु पर्नेछ।

(छ) प्रस्तावित परियोजना स्थलमा सडक, सिंचाई, विजुली, लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

(ज) समान प्रयोजनका लागि अन्य कुनै स्रोतबाट विगत दुई आ.व.भित्र अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

(झ) स्थानीय तहको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

(४) प्रकाशित सूचना वमोजिम तोकिएको म्याद भित्र रितपूर्वक दर्ता भएका प्रस्तावहरुको दफा ६ (३) को योग्यताका आधारमा प्रस्तावहरुको प्रारम्भिक छनौट गरिनेछ।

(५) प्रारम्भिक चरणमा छनौट भएको प्रस्तावहरुको स्थलगत अनुगमन पश्चात अनुसूची-२ बमोजिम प्राविधिक एवं भौगोलिक उपयुक्तता तथा लागत सहभागिताको अंश आदिका आधारमा विस्तृत मूल्यांकन गरी अनुदानग्राही छनौट गरिनेछ।

(६) छनौट भएका अनुदानग्राहिको विस्तृत प्रस्तावना कार्यालयले निर्देशनालय मार्फत् मन्त्रालयमा सहमतीका लागि पेश गर्नेछ ।

(७) मन्त्रालयको सहमती प्राप्त भए पश्चात कार्ययोजना अनुसार काम गर्ने गरी सम्झौता एवं कार्यादिश दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

७.<u>कार्यक्रम व्यवस्थापन समितिः</u> (१) प्रस्तावकहरुले अनुदान माग गरी पेश गरेको प्रस्ताव मूल्याङ्कन गरी अनुदान प्रवाह गर्नको लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति गठन गरिनेछः

(क) प्रमुख, सम्बन्धित कृषि ज्ञान केन्द्र / एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय -अध्यक्ष

(ख) ज्ञान केन्द्र रहेको पालिकाको कृषि शाखा प्रमुख -सदस्य

(ग) योजना अधिकृत वा योजना हेर्ने शाखा प्रमुख, कृषि ज्ञान केन्द्र -सदस्य

(घ) लेखा प्रमुख , कृषि ज्ञान केन्द्र -सदस्य

(ङ) कार्यक्रम सञ्चालन गर्ने शाखा प्रमुख, सम्बन्धित कार्यालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

(३) कार्यालयले संचालन गर्ने श्रोत केन्द्रको हकमा कार्यक्रम व्यवस्थापन समितिमा दफा ७ को उपदफा १(ख) मा श्रोत केन्द्र संचालन हुने स्थलको पालिकाको कृषि शाखा प्रमुख सदस्य रहनेछ। समितिको अध्यक्ष तथा अन्य सदस्यहरु उपदफा १ बमोजिम नै हुनेछ।

८.**समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ७ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यालयमार्फत सञ्चालन हुने श्रोत केन्द्रको हकमा सम्बन्धित ज्ञान केन्द्रले सञ्चालन गर्नु पूर्व स्थलगत निरिक्षणबाट भौगोलिक एवं प्राविधिक उपयुक्तता अध्ययन गर्ने, अध्ययन पश्चात DPR (detailed project report) तयार गरी / गराई स्थानीय तह र अन्य सरोकारवालाहरुसँग समन्वय गरी कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराई आफै सञ्चालन गर्ने/गराउने,

(ख) कार्यालयबाट सञ्चालन हुने बाहेक अन्यको हकमा कार्यालयले कार्यक्रम सञ्चालन गर्नु पूर्व समितिबाट बालीगत खेतीको अवस्था, व्यवसायिकरण एवं बजारीकरणको सम्भावनाका आधारमा एक वा एक भन्दा बढि स्थानीय तह समेट्ने गरी सम्भावित क्षेत्र निर्धारण गर्ने,

(ग) सोही छनौट भएका स्थानीय तहका लागि मात्र लागू हुने गरी कार्यक्रम सञ्चालनका लागि सूचना, प्रस्तावनाको ढाँचा तयार गर्ने/गराउने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(घ) म्याद भित्र रितपूर्वक दर्ता भएका प्रस्तावहरुको प्रारम्भिक छनौट गर्ने,

(ङ) प्रारम्भिक चरणमा छनौट भएका प्रस्तावसँग स्थलगत सम्भाव्यता निरीक्षणका लागि उप-समिति गठन गरी खटाउन सक्ने,

(च) उप-समितिको स्थलगत अनुगमन पश्चात प्रस्तावहरुको अनुसूची-२ बमोजिम विस्तृत मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्ने,

(छ) मन्त्रालयबाट सहमती भई आएको कार्ययोजना बमोजिम काम गर्नका लागि सम्झौता प्रक्रिया अघि बढाउन निर्णय गर्ने,

(ज) कार्यक्रम कार्यान्वयनमा परेका समस्याहरुमा बाधा अड्चन फुकाउन पहल गर्ने,

(झ) कार्यक्रम सञ्चालनको सन्दर्भमा अन्य आवश्यक कार्यहरु गर्ने।

(२) प्रस्तावको औचित्यता हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई पुनः स्थलगत अनुगमन र पुनः मूल्याङ्कनका लागि कारबाही गर्न सक्नेछ।

(३) परियोजनाहरुको छनौट, प्रस्तावकहरुसँगको छलफलका आधारमा प्रस्तावमा पेश भएका कार्ययोजनाहरुको संसोधन/परिमार्जन र प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्न सक्ने अधिकार समितिमा निहित रहनेछ।

९. **अनुदान तथा खर्चको सिमाः** (१) अनुदान सहयोग मार्फत सञ्चालन हुने श्रोत केन्द्रको हकमा स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रहि अनुसूची-१ बमोजिमको क्रियाकलापहरु सञ्चालनका लागि प्रस्तावको कूल लागतको ५०% नबढ्ने गरी अनुदान रकम उपलब्ध गराइनेछ। भुक्तानी गर्दा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टी गरिनेछ।

(२) कार्यालयबाट सञ्चालन हुने श्रोत केन्द्रको हकमा स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले प्रचलित ऐन तथा नियमअनुसार कार्यक्रम सञ्चालन तथा खर्च गर्नेछ।

१०.**अनुगमन सम्बन्धी व्यवस्थाः** (१) श्रोत केन्द्र स्थापना तथा सञ्चालनको अनुगमन मन्त्रालय, तथा मातहतका निकायहरुले संयुक्त वा आवश्यकतानुसार छुट्टा छुट्टै पनि गर्नेछन्।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुगमन र निर्देशनको लिखित अभिलेख/ प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

११.**कारबाहीको व्यवस्थाः** यस संचालन विधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ।

१२.**समन्वयः** कार्यालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

१३.**संशोधन तथा हेरफेरः** यस संचालन विधिको कार्यान्वयनका क्रममा कुनै समस्या परेमा मन्त्रालयले संशोधन तथा हेरफेर गर्न सक्नेछ।

१४.**प्रचलित कानून बमोजिम हुनेः** यस संचालन विधिमा व्यवस्था भएकोमा यसै बमोजिम र यस संचालन विधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

अनुसूची-१

**श्रोत केन्द्र स्थापना तथा सञ्चालनका मापदण्ड तथा व्यवस्थापन**

(दफा ६ उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

| क्र.सं. | श्रोत केन्द्रको नाम | न्यूनतम क्षेत्रफल (हेक्टर) | | कृयाकलापहरु |
|---|---|---|---|---|
| | | कार्यालय आफैले संचालन गर्ने हकमा | समुदायबाट संचालन हुने हकमा | |
| १. | फलफूल श्रोत केन्द्र | ५ | १.५ | श्रोत केन्द्र स्थापना/निर्माणको लागि जग्गाको नक्शाङ्कन, भौतिक पूर्वाधार निर्माण, माउबोट ब्लक, सिंचाई लगायत फलफूल श्रोत केन्द्र स्थापनाको लागि आवश्यक कृषि सामाग्री तथा प्रविधिहरु आदि |
| २. | पुष्प श्रोत केन्द्र | २ | ०.५ | श्रोत केन्द्र स्थापना/निर्माणको लागि जग्गाको नक्शाङ्कन, भौतिक पूर्वाधार निर्माण, संरचित संरचना निर्माण, माउबोट ब्लक, सिंचाई लगायत पुष्प श्रोत केन्द्र स्थापनाको लागि आवश्यक कृषि सामाग्री तथा प्रविधि आदि |
| ३. | मौरी श्रोत केन्द्र | १.५ | ०.५ | श्रोत केन्द्र स्थापनाका लागि आवश्यक नक्शाङ्कन तथा भौतिक पूर्वाधारहरु- मौरी पालनब्लक, तालिम, अध्ययन, भ्रमण तथा प्रदर्शन ब्लक, प्रयोगशाला, प्रशोधन ब्लक, प्रजनन ब्लक, विक्री वितरण कक्ष, आदि तथा अन्य आवश्यक औजार उपकरण खरिद, आवश्यक प्राविधिक सेवा सम्बन्धित कृयाकलापहरु आदि |
| ४. | तरकारी बीउ श्रोत केन्द्र | २.५ | १ | आवश्यक जग्गाको नक्साकङ्कन, भौतिक पूर्वाधार, संरचित संरचना निर्माण, माटो व्यवस्थापन, सिंचाई लगायत आवश्यक कृषि सामाग्री तथा प्रविधिहरु आदि |

| | | | | |
|---|---|---|---|---|
| ५. | मसलाबाली श्रोत केन्द्र | २ | १ | श्रोत केन्द्र स्थापनाका लागि आवश्यक नक्शाङ्कन तथा भौतिक पूर्वाधारहरु (घेरपवार, गह्रा सुधार, इत्यादि) माटो व्यवस्थापन, सिंचाई लगायत आवश्यक कृषि सामाग्री तथा प्रविधिहरु आदि |
| ६. | एकिकृत कृषि फर्म | १० | - | भूगोल सुहाउँदो खाद्यान्न, दलहन, तेलहन बालीहरुको बीउ उत्पादनका अलावा बागवानी श्रोत केन्द्रको रुपमा समेत विकास गर्न सकिनेछ। श्रोत केन्द्र स्थापनाको लागि आवश्यक जग्गाको नक्साकङ्कन, भौतिक पूर्वाधार, माटो व्यवस्थापन, सिंचाई लगायत आवश्यक कृषि सामाग्री तथा प्रविधिहरु आदि |
| ७ | रेशम श्रोत केन्द्र | ५ | १ | श्रोत केन्द्र स्थापनाका लागि रेशम कीरा पालन तथा रेशम प्रशोधनका भौतिक पूर्वाधारहरु लगायत किम्बु खेतीका लागी  आवश्यक कृषि सामाग्री तथा प्रविधिहरु आदि |

## अनुसूची-२

### श्रोत केन्द्र स्थापनाको लागि अनुदान सहयोग कार्यक्रमको मूल्याङ्कन फाराम

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

| सि.नं. | मूल्याङ्कनका आधार | जम्मा अङ्क |
|---|---|---|
| १ | प्रस्तावित स्थलको भौगोलिक एवं प्राविधिक उपयुक्तता | २० |
| २ | फर्म/सहकारीको गतिशीलता | ५ |
| ३ | आवेदकको अनुभव तथा जनशक्ति | ५ |
| ४ | कार्यक्रमबाट लाभान्वित हुने संख्या | १० |
| ५ | रोजगारी सृजनाको अवस्था | ५ |
| ६ | कार्यक्रमको व्यावसायिक योजना | ३० |
| ७ | आवेदकको किसिम | १० |
| ८ | दिगोपना तथा वातावरणीय पक्ष | १० |
| ९ | अनुदानग्राहीको लागत सहभागिता | ५ |

नोटः

- कार्यक्रम मूल्याङ्कन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको विस्तृतीकरण गर्न सक्नेछ।
- स्थलगत निरीक्षण गर्दा ५० प्रतिशत अंक नल्याउने प्रस्तावहरु स्वतःअस्विकृत हुने छन्।